☎०२५-५५११४५

बराहक्षेत्र नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
चक्रघट्टी, सुनसरी
१ नं. प्रदेश नेपाल

प.सं. : २०७४/७५
च.नं. : १२०६

मिति : २०७५/०१/१६

# ट्रयाक्टर र मोटर साइकल आपूर्ति सम्बन्धी सिलबन्दी बोलपत्र आव्हानको ७ दिने सूचना

दोश्रो पटक प्रकाशित मिति : २०७५/०१/१६

१. यस नगरपालिकालाई आवश्यक पर्ने ट्रयाक्टर तथा मोटरसाइकल सप्लाई गर्न ईच्छुक इजाजत प्राप्त फर्म, कम्पनी वा संस्थाले देहाय बमोजिमको शर्तहरुको अधिनमा रही रितपूर्वकको बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ ।

२. यो सूचना प्रकाशितभएको मिति देखी ७औं दिनको कार्यालय समय भित्र बोलपत्र फाराम इच्छुक बोलपत्रदाताले अद्यावधिक नविकरण गरेको व्यवसाय दर्ताको प्रमाणित इजाजतपत्र, अद्यावधिक फर्म संस्था वा कम्पनी दर्ताको प्रमाणितप्रमाणपत्र, मुल्य अभिबृद्धि करमा दर्ताको प्रमाणित प्रमाणपत्र, स्थायी लेखा नम्बर (PAN) प्रमाणित आ.व. २०७३/०७४ सम्मको कर चुक्ता गरेको प्रमाणितपत्र वा आ.व.२०७३/७४ को कर आय विवरण पेश गरेको प्रमाणित कागजात, उत्पादन फर्म वा कम्पनीबाट प्राप्तAuthorization Letter को प्रमाणित प्रतिलिपी संलग्न राखी निवेदन पेश गरे पछि कागजातहरु रितपुर्वक भएको यकिन गरी तोकिएको बोलपत्र फाराम दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई यस नगरपालिकाको कार्यालयबाट बोलपत्र फाराम उपलब्ध गराइने छ ।

३. बोलपत्र फाराम साथ जमानत वापतको रकम यस नगरपालिका कार्यालयको राष्ट्रिय वाणिज्य बैंक लि., इनरुवा शाखामा रहेको खाता नं. २२२०३०३००७१०९ मा दाखिला गरेको सक्कल भौचर वा मान्यता प्राप्त बैंकबाट यस कार्यालयको नाममा जारी गरिएको १२० दिन म्याद भएको जमानीपत्र (विडबण्ड) बोलपत्र साथ पेश गर्नुपर्नेछ, यसरी पेश गरिने जमानत वापतको भौचर, रसिद वा विडबण्ड यो सूचना प्रकाशित भएको मिति पछि जारी भएकोलाई मात्र मान्यता दिइनेछ ।

४. खरिद गरिएका बोलपत्र फारामहरुको महलहरु स्पष्ट रुपमा भरी प्रत्येक पानामा सहीछाप गरी सूचना प्रकाशित भएको मिति देखी ८औं दिनको १२:०० बजेभित्र यस कार्यालयमा उपस्थित भई दर्ता गराउन सकिने छ । यसरी तोकिएको समय भित्र रितपूर्वक दर्ता हुन आएका सिलबन्दी बोलपत्र फारामहरु यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधीहरुको रोहवरमा सोही दिन दिनको २.०० बजे खोलिने छ । तर बोलपत्र खोलिने दिन बोलपत्रदाता वा निजको अनुपस्थित भएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन । फाराम खरिद गर्ने वा दाखिला गर्ने दिन सार्वजनिक विदा परेमा उक्त कार्यहरु विदा पछि कार्यालय खुलेको दिन सोही समयमा हुने छ ।

५. प्राप्त बोलपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहने छ । रित नपुगेका र म्याद नाघि आएका बोलपत्र उपर कुनै कारवाही गरिने छैन ।

६. बोलपत्र सम्बन्धि अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख गरे बमोजिम हुने छ ।

७. अन्य कार्यविधिहरु स्थानीय निकाय आर्थिक प्रशासन सम्बन्धि नियमावली, २०६४, सार्वजनिक खरिद ऐन, २०६३ तथा सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार हुनेछ । अन्य थप कुराहरु बुझ्नु परेमा यस नगरपालिकाको कार्यालयमा कार्यालय समय भित्र सम्पर्क गर्न सकिने छ ।

| ठेक्का नं. | विवरण | आवश्यक संख्या | बोलपत्रफारामदस्तुर | जमानत रकम |
|---|---|---|---|---|
| 3/074/75 | Tractor with Hydraulic trailer(Engine:4 stroke, 2Cylinder,Air Cooled System, Power : 35 HP) | थान२ (दुई) | ३,०००.०० | कम्तिमा कबोल अंकको २.५ प्रतिशत |
| 4/074/75 | Motorcycle (Engine:4 stroke, Engine power :125cc) | थान४ (चार) | १,०००.०० | कम्तिमा कबोल अंकको २.५ प्रतिशत |

०७५।१।१६

प्रमुख प्रशासकीय अधिकृत